# मार्जिन कारोबार सुविधा सम्बन्धी निर्देशन, २०७४

जारी मिति : २०७४।०७।१९
प्रथम संशोधन मिति : २०७७।०४।११

धितोपत्र लगानीकर्तालाई मार्जिन कारोबार सुविधा उपलब्ध गराउने तथा धितोपत्र दलाल व्यवसायीको कार्यक्षेत्र विस्तार गर्ने उद्देश्यले धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ८७ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी नेपाल धितोपत्र बोर्डद्वारा देहायको निर्देशन जारी गरिएको छ ।

१. धितोपत्र दलाल व्यवसायीले मार्जिन कारोबार सुविधा उपलब्ध गराउँदा कम्तीमा १० हजार शेयरधनी रहेको तथा नेटवर्थ सकारात्मक रहि पछिल्लो दुई आर्थिक वर्षमा कम्तीमा वार्षिक १० प्रतिशत लाभांश वितरण गरेको सूचिकृत संगठित संस्थाको शेयरमा मात्र मार्जिन कारोबार सुविधा उपलब्ध गराउनु पर्नेछ ।

२. मार्जिन कारोबार सुविधा उपलब्ध गराउने धितोपत्र दलाल व्यवसायीको खुद सम्पत्ती (Net Worth) कम्तीमा रु. ५ करोड हुनु पर्नेछ ।

[1]३. धितोपत्र दलाल व्यवसायीले सूचिकृत संगठित संस्थाको शेयरको १२० दिनको औषत मूल्य वा बजार मूल्य मध्ये जुन कम हुन्छ सोको ३० (तीस) प्रतिशतले हुन आउने रकम ग्राहकसंग प्रारम्भिक मार्जिन (Initial Margin) को रुपमा लिनु पर्नेछ ।

४. मार्जिन कारोबार सुविधा अन्तर्गत खरिद गरिएको शेयरको विवरण तथा मार्जिन रकमको विवरण ग्राहकको छुट्टाछुट्टै अभिलेख बनाई राख्नु पर्नेछ ।

५. मार्जिन कारोबार सुविधा अन्तर्गत खरिद भएको शेयर दैनिक रुपमा कारोबार गर्दा वा कारोबार पश्चात वा राफसाफको समयमा पहिचान गरी राख्नु पर्नेछ ।

[2]६. धितोपत्र दलाल व्यवसायीले मार्जिन कारोवार सुविधा अवधि भर निर्देशन नं. ३ मा उल्लेखित मार्जिन सम्वन्धमा बजारको अवस्था तथा जोखिम हेरी न्यूनतम २० (बीस) प्रतिशत मार्जिन कायम रहने गरी ग्राहकसंग सम्भार मार्जिन (Maintenance Margin) लिनु पर्नेछ ।

७. बजारको अवस्था तथा सूचिकृत संगठित संस्थाको शेयरमा निहित जोखिमलाई दृष्टिगत गरी धितोपत्र दलाल व्यवसायीले निर्देशन नं. ३ मा उल्लेखित मार्जिनभन्दा बढी मार्जिन माग गर्न सक्नेछ ।

---

[1] बोर्ड संचालक समितिको निर्णयबाट प्रथम संशोधन भएको
[2] बोर्ड संचालक समितिको निर्णयबाट प्रथम संशोधन भएको

८. ग्राहकको मार्जिन कारोबार सुविधा अन्तर्गत खरिद गरेको शेयरमा आवश्यक पर्ने मार्जिन (Maintenance Margin) भुक्तान गर्न नसकेमा वा ईन्कार गरेमा वा सम्पर्कमा नआएमा धितोपत्र दलाल व्यवसायीले मार्जिन कारोबार सुविधा अन्तर्गत खरिद गरेको शेयरमात्र बिक्री गर्न सक्नेछ ।

९. निर्देशन नं. ८ बमोजिम शेयर बिक्री पश्चात सम्बन्धित ग्राहकसंग हिसाव फछ्र्यौट गरी सोको जानकारी धितोपत्र बजारलाई गराउनु पर्नेछ ।

१०. धितोपत्र दलाल व्यवसायीले मार्जिन कारोबार सुविधा दिनु अगावै लेखापरीक्षकबाट प्रमाणित आफ्नो वित्तीय विवरणसहित धितोपत्र बजारमा सहमतिको लागि निवेदन पेश गर्नु पर्नेछ ।

११. धितोपत्र बजारले निर्देशन नं. १० बमोजिम प्राप्त भएको निवेदनको सम्बन्धमा आवश्यक अध्ययन गरी सहमति प्रदान गर्नेछ र सोको जानकारी बोर्डलाई समेत गराउनु पर्नेछ ।

१२. धितोपत्र व्यवसायीले मार्जिन कारोबार सुविधा प्रदान गर्न आफ्नै स्रोत वा वाणिज्य बैंकसंग रकम लिएर मार्जिन कारोबार सुविधा प्रदान गर्न सक्नेछ ।

१३. धितोपत्र दलाल व्यवसायीले आफ्नो प्रमाणित नेटवर्थको दुई गुणासम्म मार्जिन कारोबार सुविधा उपलब्ध गराउन सक्नेछ ।

१४. धितोपत्र दलाल व्यवसायीले कुनै एक ग्राहक तथा निजको एकाघरका सदस्यलाई आफ्नो नेटवर्थको वढिमा १० प्रतिशतभन्दा बढी मार्जिन कारोबार सुविधा उपलब्ध गराउन सक्ने छैन ।

१५. धितोपत्र दलाल व्यवसायीले मार्जिन कारोबार सुविधा प्रदान गर्दा लगानी विविधिकरणलाई समेत ध्यान दिनु पर्नेछ ।

१६. धितोपत्र दलाल व्यवसायीले मार्जिन कारोबार सुविधा अन्तर्गत खरिद गरेको अनुसूची-१ बमोजिमको विवरण कारोबार भएको भोलिपल्ट मध्यान्ह १२ बजेसम्म धितोपत्र बजारलाई उपलब्ध गराउनु पर्नेछ र उक्त विवरण साप्ताहिक रुपमा बोर्डलाई समेत जानकारी गराउनु पर्नेछ ।

१७. धितोपत्र बजारले अनुसूची-१ बमोजिमको विवरण प्राप्त गर्न आवश्यक विद्युतीय संयन्त्रको विकास गरी लागू गर्न सक्नेछ ।

१८. धितोपत्र बजारले मार्जिन कारोबार सुविधा अन्तर्गत कारोबार भएको शेयरको विवरण अनुसूची-२ बमोजिमको ढाँचामा कारोबार भएको भोलिपल्टसम्ममा आफ्नो वेभसाईट मार्फत बजारमा संप्रेषण गर्नुपर्नेछ ।

१९. धितोपत्र दलाल व्यवसायीले मार्जिन कारोबार सुविधा अन्तर्गत कारोबार भएको शेयरको हिसाव किताव तथा लेखा वार्षिकरुपमा लेखापरिक्षण गराई बोर्ड र धितोपत्र बजारलाई आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र पेश गर्नु पर्नेछ ।

२०. धितोपत्र दलाल व्यवसायीले ग्राहकको परिष्कृत ग्राहक मूल्याङ्कन पद्धति अवलम्बन गरी पहिचान गरेर मात्र मार्जिन कारोबार सुविधा प्रदान गर्नु पर्नेछ ।

२१. धितोपत्र दलाल व्यवसायीले मार्जिन कारोबार सुविधा उपलब्ध गराउँदा सो सम्बन्धमा ग्राहकसंग सम्झौता गर्नु पर्नेछ र उक्त सम्झौतामा देहायका कुराहरुसमेत खुलाउनु पर्नेछ ।

(क) शुरु मार्जिन (Initial margin)

(ख) संभार मार्जिन (Maintenance Margin) दर

(ग) मार्जिन कल (Margin Call)

(घ) सेवा शुल्क वा व्याज

(ङ) खरिद गर्ने शेयरको विवरण

(च) आवश्यकता अनुसार अन्य शर्त / व्यवस्थाहरु

२२. धितोपत्र बजारले अन्य नियमित कारोबारसरह मार्जिन कारोबार सुविधाकोसमेत गुनासो सुन्ने व्यवस्था गर्नु पर्नेछ ।

[3]२३. यस निर्देशनको अधिनमा रही धितोपत्र बजार र धितोपत्र दलाल व्यवसायीले मार्जिन कारोवार सुविधा सम्वन्धी कार्यबिधि बनाई बोर्डको स्वीकृतिमा लागू गर्नु पर्नेछ ।

---

[3] बोर्ड संचालक समितिको निर्णयबाट प्रथम संशोधन भएको

## अनुसूची-१

**(निर्देशन नं. १६ संग सम्बन्धित)**

धितोपत्र दलाल व्यवसायीले धितोपत्र बजारमा पेश गर्नुपर्ने दैनिक प्रतिवेदनको ढाँचा

धितोपत्र दलालको नामः सदस्यता नं.

| ग्राहकको नाम | स्थायी लेखा नं. | सूचिकृत संगठित संस्थाको नाम | शेयरको किसिम | शेयर संख्या | धितोपत्र दलाल व्यवसायीले लगानी गरेको रकम |
|---|---|---|---|---|---|
| | | | | | |

## अनुसूची-२

**(निर्देशन नं. १८ संग सम्बन्धित)**

धितोपत्र बजारले संप्रेषण गर्ने सूचनाको ढाँचा

| सूचिकृत संगठित संस्थाको नाम | शेयरको किसिम | कुल शेयर संख्या | सम्पूर्ण धितोपत्र दलाल व्यवसायीले लगानी गरेको कुल रकम |
|---|---|---|---|
| | | | |